# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गणेशपुर, डडेल्धुरा
## ७ नं. प्रदेश, नेपाल

**शिक्षक पदपूर्तीका लागि खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

प्रथम पटक प्रकाशन मितिः २०७५/०४/१७

गन्यापधुरा गाउँपालिका डडेल्धुराको गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम यस गाउँपालिकाका देहायका तीनवटा सामुदायिक विद्यालयहरुमा गाउँपालिकाको शिक्षण सहायता अनुदानवापत प्राप्त हुने रकमबाट पारिश्रमिक पाउने गरी खुला प्रतियोगिता मार्फत देहायका तह र विषयमा करारमा शिक्षक नियुक्त गरिने भएकाले योग्य उम्मेदवारहरुले यस कार्यालयबाट निर्धारण गरिएको दरखास्त फारम भरी प्रशासन शाखामा दरखास्त पेश गर्नहुन यो विज्ञापन प्रकाशित गरिएको छ।

**तहः आधारभूत (कक्षा ६-८)** **विषयः गणित**

| क्र.सं. | विद्यालय | विज्ञापन नं. | पद सङ्ख्या |
|---|---|---|---|
| १. | दरपुर आ.वि. गन्यापधुरा-२, कोरगाउँ | १०१- ०७५/०७६ | १(एक) |
| २. | भुवनेश्वरी आ.वि. गन्यापधुरा-२, चम्साल | १०२- ०७५/०७६ | १(एक) |
| ३. | समैजी आ.वि. गन्यापधुरा-३, गौलीगाउँ | १०३- ०७५/०७६ | १(एक) |

**उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः**

क) नेपाली नागरिक,

ख) मान्यताप्राप्त शिक्षणसंस्थाबाट गणित मूल विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ग) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र वा सो सरह वा माथील्लो तहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय अध्ययन गरी उत्तीर्ण गरेको,

घ) स्थायी अध्यापन अनुमतिपत्र भएको,

ङ) दरखास्त पेश गर्ने अन्तिम मितिसम्ममा १८ वर्ष उमेर पूरा भइ ४० वर्ष ननाघेको।

**उम्मेदवारले अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः**

क) कार्यालयबाट स्वीकृत दरखास्त फारम,

ख) परीक्षा दस्तुर वापत एउटा विद्यालयका लागि भए रु. ५०० र थप विद्यालयका लागि प्रति विद्यालय रु. १०० का दरले रकम बुझाएको नगदी रसीद,

ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

घ) न्यूनतम शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रका प्रतिलिपि,

ङ) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि,

च) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि।

**परीक्षाको किसिमः** लिखित परीक्षा र अन्तर्वार्ता।

**दरखास्त पेश गर्ने अन्तिम मितिः** २०७५ साल साउन ३१ गतेसम्म।

**दोब्बर दस्तुर तिरी दरखास्त पेश गर्ने म्यादः** २०७५ साल भाद्र ७ गतेसम्म।

**लिखित परीक्षा हुने मिति, समय र परीक्षा केन्द्रः** कार्यालयको अर्को सूचनाबाट तोकिनेछ।

**विज्ञापनसम्बन्धी थप जानकारीः**

क) उम्मेदवारले दरखास्त फारम भर्दा कुन कुन विद्यालयका लागि दर्खास्त दिएको हो स्पष्ट उल्लेख गर्नुपर्नेछ। साथै फारामसाथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयंले **सक्कल बमोजिम नक्कल ठीक छ** भनी प्रमाणित गरेको हुनुपर्नेछ।

ख) तीनवटै विद्यालयका लागि लिखित परीक्षा एउटै मिति, समय र स्थानमा एउटै प्रश्नपत्रद्वारा सञ्चालन गरिनेछ ।

ग) परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगद्वारा सम्बन्धित तह र विषयका लागि निर्धारण गरेबमोजिम हुनेछ।

घ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन।

ङ) परीक्षा र नियुक्ति सम्बन्धी अन्य प्रक्रिया गन्यापधुरा गाउँपालिकाको **विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५** बमोजिम हुनेछ।

च) दरखास्त फारम यस कार्यालयको वेबसाइट www.ganyapadhuramun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

करुणाकर पन्त
प्रमुख प्रशासकीय अधिकृत